**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगाल विधान सभाको बजेट सत्र १८ जुनमा सुरु हुनेछ र राज्यको पहिलो भाजपा नेतृत्वको सरकारको पूर्ण बजेट जुन २२ मा प्रस्तुत गरिनेछ।
- पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आम जनताका समस्याहरूलाई प्रत्यक्ष रूपमा सुन्नका लागि 'जनता दरबार' शुरू गर्ने निर्णय लिनुभएको छ।
- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा भारतीय जनता पार्टी सरकारले बंगलादेशको सीमामा लंबित बार लगाउने कार्यलाई तीव्रता दिन सीमा सुरक्षा बल (बीएसएफ) लाई जमीन हस्तान्तरण गर्न तीन-स्तरीय रणनीति तयार गरेको छ।
- पश्चिम बंगाल विधानसभा चुनावको प्रचार अभियानको क्रममा गरिएको कथित भड्काउ भाषणको सम्बन्धमा पश्चिम बंगालमा तृणमूल कांग्रेसका नेता तथा सांसद अभिषेक बनर्जी विरुद्ध एफआईआर दर्ता गरिएको छ।
- खरसाङस्थित भिक्टोरिया बोइज स्कुलको पुरानो क्वार्टरमा भीषण आगलागी भएको छ।

.

**<u>पश्चिम बंगाल बजेट सत्र</u>**

पश्चिम बंगाल विधान सभाको बजेट सत्र १८ जुनमा सुरु हुनेछ र राज्यको पहिलो भाजपा नेतृत्वको सरकारको पूर्ण बजेट जुन २२ मा प्रस्तुत गरिनेछ। नवनिर्वाचित अध्यक्ष रथीन्द्र बोसले हिज सदनको विशेष सत्रमा यो घोषणा गर्नुभयो। उहाँले सोही विशेष सत्रमा अध्यक्षको रूपमा शपथ पनि लिनुभयो।

पूर्ण बजेट जुन २२ मा प्रस्तुत गरिने छ। फलस्वरूप, मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको नयाँ सरकारले चाँडै नै राज्यको नयाँ वित्तमन्त्रीको नाम घोषणा गर्न सक्ने विश्वास गरिएको छ।

यस वर्षको ५ फेब्रुअरीमा, पूर्व मुख्यमन्त्री ममता बनर्जीको नेतृत्वमा रहेको सरकारमा वित्त राज्यमन्त्री (स्वतन्त्र प्रभार) रहेकी चन्द्रिमा भट्टाचार्यले विधानसभामा अन्तरिम बजेट वा लेखा मतदान प्रस्तुत गर्नुभएको थियो। विधानसभा चुनावका कारण त्यस समयमा पूर्ण बजेट प्रस्तुत हुन सकेन। राज्यमा अप्रिलमा चुनाव भएको थियो र ४ मईमा परिणाम घोषणा गरिएको थियो।

यसैबीच, मुख्यमन्त्री कार्यालयले सबै विभागीय सचिवहरूलाई राज्य बजेटको तयारी सुरु गर्न निर्देशन जारी गरेको छ। वित्तीय विभागका एक वरिष्ठ अधिकारीका अनुसार, आगामी पूर्ण बजेट वर्तमान सत्तारुढ दलले विधानसभा चुनाव अघि जारी गरेको घोषणापत्रमा गरेका प्रतिज्ञाहरूको आधारमा तयार पारिनेछ।

स्रोतका अनुसार, बजेटको मुख्य ध्यान राज्यको आफ्नै कर राजस्व बढाउन वैकल्पिक स्रोतहरू खोज्ने, ७ लाख करोड रुपियाँभन्दा बढीको ठूलो ऋणको भार घटाउने, गैर-योजना वस्तुहरूमा बढ्दो खर्च नियन्त्रण गर्ने र पूँजीगत खर्चलाई प्रवर्द्धन गर्नेमा केन्द्रित हुनेछ।

**<u>मुख्यमन्त्री जनता दरबार</u>**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आम जनताका समस्याहरूलाई प्रत्यक्ष रूपमा सुन्नका लागि 'जनता दरबार' शुरू गर्ने निर्णय लिनुभएको छ। जानकारी अनुसार मुख्यमन्त्रीले सातामा एक वा दुई दिन आम नागरिकहरूसित भेट गरेर उनीहरूको गुनासो अनि समस्याहरूलाई सुन्नुहुनेछ।

यस अवधि प्रशासनका वरिष्ठ अधिकारीहरू पनि उपस्थित रहनेछन्। मानिसहरूको समस्याको आधारमा तुरून्त कारबाही गरिनेछ।

यो कार्यक्रम आगामी एक जूनदेखि शुरू हुनेछ सम्भावना छ जसबाट राज्यका सबै मानिसहरूले सोझै मुख्यमन्त्रीसित भेट गरेर आफ्नो समस्या राख्न सक्नेछन्।

**पश्चिम बंगाल विधानसभा सत्र**

विधानसभामा पारदर्शिता ल्याउन पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले प्रश्नोत्तर, बहस, विधेयक र बजेटको प्रत्यक्ष प्रसारणको माग गर्नुभएको छ। उहाँले राज्यका जनतालाई विधानसभामा निर्वाचित सदस्यहरूको गतिविधि अवलोकन गर्ने पूर्ण अधिकार रहेको, र यो सत्रको प्रत्यक्ष प्रसारण मार्फत मात्र सुनिश्चित गर्न सकिन्छ भनि बताउनुभयो। उहाँले सदन विपक्षीको पनि हो र विपक्षी सदस्यहरूले बोल्ने प्रशस्त अवसर पाउनेछन् भन्ने आश्वासन दिनुभयो।

यो बयान विशेष सत्रको क्रममा आएको हो जसमा कुचबिहार दक्षिणका भाजपा विधायक रथेन्द्र बसुलाई १८ औं विधानसभाको अध्यक्षमा सर्वसम्मतिले निर्वाचित गरिएको थियो। नयाँ अध्यक्षलाई बधाई दिँदै अधिकारीले सबै दलहरूलाई लोकतान्त्रिक परम्परा पालना गर्न र मर्यादा कायम राख्न आग्रह गरे। मुख्यमन्त्रीले मन्त्रीहरूलाई प्रशासनिक काममा स्थानीय विधायकहरूलाई महत्त्व दिन निर्देशन दिनुभयो।

यसैबीच, नवनिर्वाचित विपक्षी नेता सोवन्देव चट्टोपाध्यायले कांग्रेस, सीपीआई(एम) र आम जनता उन्नयन पार्टीका सदस्यहरूसँगै अध्यक्षलाई धन्यवाद दिनुभयो।

**पश्चिम बंगाल बंगलादेश सीमा**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा भारतीय जनता पार्टी सरकारले बंगलादेशको सीमामा लंबित बाड़ लगाउने कार्यलाई तीव्रता दिन सीमा सुरक्षा बल (बीएसएफ) लाई जमीन हस्तान्तरण गर्न तीन-स्तरीय रणनीति तयार गरेको छ। राज्य सचिवालय सूत्रहरु अनुसार सरकारले यो सम्पूर्ण प्रक्रिया 45 दिन भित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ। सुत्रहरु अनुसार रणनीतिको पहिलो चरणमा, अन्तर्राष्ट्रिय सीमाका ती भागहरूमा उपलब्ध सरकारी जमीन तुरुन्तै बीएसएफलाई सुम्पीनेछ जहाँ अहिलेसम्म बार लगाइएको छैन,। यस चरणमा काँडेतार लगाउने पहिलो चरण तत्काल सुरु गरिनेछ ।

दोस्रो चरणमा, सीमानासित रहेका निजी भूखंड अधिग्रहण गरिनेछ। जमीन मालिकहरूलाई हालको बजार मूल्यभन्दा बढी दरमा क्षतिपूर्ति दिने योजना छ। जमीन अधिग्रहण गरिसकेपछि, बार लगाउने दोस्रो चरण सुरु गर्न सकोस् भनेर यसलाई बीएसएफलाई हस्तान्तरण गरिनेछ।

तेस्रो चरणमा सीमा क्षेत्रका अतिक्रमित जमीन खाली गरिनेछ।सरकारले यी जमीनहरू कब्जामा लिनेछ र बीएसएफलाई हस्तान्तरण गर्नेछ, ताकि सम्पूर्ण प्रक्रिया पूरा गर्न सकियोस्।
राज्यकी मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई यो सम्पूर्ण प्रक्रियाको निगरानीको जिम्मेवारी दिइएको छ।उहाँलाई "विकास कार्यको प्रधान समन्वयक " को रूपमा नियुक्त गरिएको छ र उहाँले बीएसएफलाई जमीन हस्तान्तरण प्रक्रियाको सहज सम्पन्नताको निरीक्षण गर्नुहुनेछ।

**पश्चिम बंगाल निलंबन**

पश्चिम बंगाल सरकारले आर.जी. कर मेडिकल कलेज प्रकरणमा तीन आईपीएस अधिकारीहरूलाई निलम्बन गरेको छ। कर्तव्यमा लापरवाही गरेको, पीडितका आमाबाबुलाई घुस दिएको र सरकारी अनुमति बिना मिडिया ब्रिफिङ गरेको आरोपमा आज कोलकाताका पूर्व पुलिस आयुक्त विनीत गोयल, पूर्व उपायुक्त इन्दिरा मुखर्जी र अभिषेक गुप्तालाई निलम्बित गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले मिडियालाई बताउनु भए अनुसार उनीहरू विरुद्ध विभागीय अनुसन्धान गरिनेछ। आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा कार्यरत एक महिला स्नातकोत्तर रेजीडेंट डाक्टरको अगस्ट २०२४ मा दुष्कर्म र हत्या गरिएको थियो। पीडितका आमाबाबुले न्यायको माग गर्दै आएका छन्। डाक्टरकी आमा रत्ना देवनाथ पनिहाटी निर्वाचन क्षेत्रबाट नवगठित पश्चिम बंगाल विधान सभामा निर्वाचित भएकी थिइन्। आर.जी. कर घटनाले राज्य, देश र विदेशमा व्यापक विरोध प्रदर्शन भएको थियो।

**अभिषेक बनर्जी एफआईआर**

पश्चिम बंगाल विधानसभा चुनावको प्रचार अभियानको क्रममा गरिएको कथित भड्काउ भाषणको सम्बन्धमा पश्चिम बंगालमा तृणमूल कांग्रेसका नेता तथा सांसद अभिषेक बनर्जी विरुद्ध एफआईआर दर्ता गरिएको छ। उजुरीकर्ताले गृहमन्त्री अमित

शाहलाई लक्षित गरी गरिएका टिप्पणीहरू सांसद अभिषेक बनर्जीको आधिकारिक फेसबुक पेज सहित सामाजिक सञ्जालमा व्यापक रूपमा प्रसारित भएको आरोप लगाएका छन्।

## राष्ट्रिय डेंगु दिवस

आज राष्ट्रिय डेंगु दिवस मनाइँदैछ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आधिकारिक रूपमा घोषणा गरेको यो दिवस मनसुनअघि डेंगुको बारेमा जागरूकता जगाउने र यस विरुद्धको रोकथामका उपायहरूलाई सुदृढ पार्ने उद्देश्यले मनसुन सुरु हुनुभन्दा अगाडि नै रोकथामका उपायहरू सुदृढ पार्ने उद्देश्यले मनाइएको हो। मछडको प्रजनन रोक्ने उद्देश्यले सरल नियन्त्रण रणनीतिहरूलाई प्रवर्द्धन गर्न यो दिन मनाइन्छ। यसमा जमेको पानी हटाउने र पानी भण्डारण ट्याङ्कीहरूको उचित मर्मतसम्भार समावेश छ।

## खरसाङ आगलागी

खरसाङस्थित भिक्टोरिया बोइज स्कुलको पुरानो क्वार्टरमा भीषण आगलागी भएको छ। हिज दिउँसो लगभग ३ बजेर ३० मिनेट तिर खरसाङको भिक्टोरिया बोइज स्कुल परिसरभित्र रहेका पुराना क्वार्टरमध्ये एकमा अचानक भीषण आगलागी भएको छ। आगो द्रुतगतिमा फैलिएको कारण स्कुलका कर्मचारी तथा स्थानीय बासिन्दाहरूले केही गर्ने अवसर नै नपाएको बताइएको छ। स्थानीयले तुरुन्तै खबर गरेपछि दमकलका टोलीहरू समयमै आइपुगेका थिए र कडा मेहनतपछि आगोलाई नियन्त्रणमा लिन सफल भए। भिक्टोरियाका स्थानीय राकेश गजमेरका अनुसार, क्वार्टर पूर्ण रूपमा खरानीमा परिणत भए तापनि स्कुल भवन तथा अन्य संरचनामा कुनै क्षति पुगेको छैन।

## उच्चतर माध्यमिक विद्यालय

यस वर्षको उच्चतर माध्यमिक परिक्षामा खरसाङको सन्त अल्फन्सेस उच्चतर माध्यमिक विद्यालयका वाणिज्य विभागकी विद्यार्थी श्रद्धा गुरुङले जम्मा ४५६ अर्थात ९१.२ प्रतिशत अंक प्राप्त गरेर विद्यालय साथै सम्भवत दार्जीलिंग जिल्ला टपर बनेकी छन्।

## महिला टोल-फ्री हेल्पलाइन नम्बर

पश्चिम बङ्गालमा महिलाहरूको सुरक्षा सुनिश्चित गर्नको लागि नयाँ व्यवस्था लागू गर्ने दिशामा कदम अगाड़ि बढ़ाइएको छ। भाजपाको सरकार बनेपछि राज्यमा महिलाहरूको लागि टोल-फ्री हेल्पलाइन नम्बर जारी गर्ने निर्देश दिइएको छ जसलाई जियो-ट्र्याकिङ्ग तकनिकसित जोड़िनेछ।
यस आशयको जानकारी गराउनु हुदै आसनसल दक्षिणकी विधायक तथा मन्त्री अग्निमित्रा पालले भन्नुभयो, राज्यमा महिलाहरूलाई पूर्ण स्वतन्त्रता दिने दिशामा यो एउटा महत्वपूर्ण पहल हो। उहाँले भन्नुभयो, अब महिलाहरू कुनै पनि समयमा कुनै पनि आवश्यकताको लागि घरदेखि बाहिर जान सक्नेछन् र आफ्नो रूचिकर पहिरण लगाउन सक्नेछन् वा आफ्नो जीवनशैली अप्नाउनको लागि कुनै पनि प्रकारको रोकको सामना गर्नु पर्नेछैन।
उहाँले, प्रस्तावित हेल्पलाइन नम्बर 181 हुनेछ जसको माध्यमबाट आपतकालीन स्थितिमा सम्पर्क गरे सम्बन्धित महिलाको लोकेशन तुरून्त ट्रेस गर्न सकिन्छ अनि उसलाई सहायता उपलब्ध गराइनेछ। यस अतिरिक्त राज्यको प्रत्येक थानामा महिला हेल्प डेस्क स्थापित गर्ने योजना पनि लागू गरिंदैछ ताकि महिलाहरूसित सम्बन्धित मामिलाहरूको संवेदनशील तथा तत्काल समाधान हुन सकोस् भनि बताउनु भयो।

****** ० ******